# १३ हेर, म सबै थोकहरु नयाँ बनाउनेछु

*__यस अध्यायका मूल पदहरू:__* प्रकाश १९:६-९, यूहन्ना १४:१-३, प्रकाश १९:११-१६, प्रकाश २०:१-३, यर्मिया ४:२३-२६,प्रकाश २०:४-६ र प्रकाश २१:२-८।

*__यस अध्यायको मूल सार पद:__* **"अनि सिंहासनमा बिराजमान हुनुहुनेले भन्नुभयो, 'हेर, म सबै थोक नयाँ बनाउनेछु।' र उहाँले मलाई भन्नुभयो, ' यो लेख, किनभने यी शब्दहरू सत्य र विश्वासयोग्य छन्" (प्रकाश २१:५ रूपान्तरित)।**

जसले इसाई भनेर दावी गरेतापनि परमेश्वरको स्वच्छ र निर्मल वचन तथा सुसमाचारलाई बाइबलका अपरिचित अनेकौं धर्म वा दर्शन वा शिक्षाहरूलाई घुसाएर बिटुलो पार्दछ तिनीहरूको निम्ति अन्तको समयमा रहेका बेबिलोनको सुमाचार खराब हुन्छ। जब पतित इसाई वा धर्म त्यस इसाई भनाउँदा बेबिलोनसँग मिल्दछ र परमेश्वरका जनहरूको खिलाफमा युद्ध गर्दछ तब ती धार्मिक, आत्मिक र राजनैतिक गठबन्धनप्रति परमेश्वरले गर्ने न्याय त्यस गठबन्धनको निम्ति तीतो सत्य हुन जान्छ। तर परमेश्वरका जनहरूको निम्ति यो शुभसमाचार हुन्छ (प्रकाश १९:१-७)। सेक्युलर वा धर्म नमान्ने राजनैतिक शक्तिलाई प्रेरित गरेर परमेश्वरका जनहरूलाई यातना दिन र तिनीहरूको नोक्सान पुऱ्याउन बेबिलोन जिम्मेवारी छ (प्रकाश १८:२४)। शैतानद्वारा अभिप्रेरित यो महान गठबन्धन शक्ति सदाको निम्ति नाश वा जगतमा नाम निशानै नहुने गरेर नाश हुनु भनेको परमेश्वरका विश्वासी जनहरूको निम्ति उद्धार र मुक्ति हुन्।

जब बेबिलोनको नाश हुन्छ तब पाँचौ शिलबन्दी वा छाप खोलेर देखाइएको दृश्यमा देखाइएको परमेश्वरका जनहरूको प्रार्थनाको जवाफ आखिरमा दिइएको हुन्छ। तिनीहरूको क्रन्दन "कहिले, ओ प्रभु?" (प्रकाश ६:१०) जुन हाबेलदेखि युगको अन्तसम्ममा रहेका परमेश्वरका जनहरूको थियो। धर्म, राजनैतिक, सामाजिक आदिको नाउँमा परमेश्वरका जनहरूलाई दवाइएको हुन्छ र अनेकौं कष्ट तथा यातना दिइएको हुन्छ। त्यसबेला परमेश्वर टाढा रहेको वा तिनीहरूसँग रिसाउनुभएको अनुभव तिनीहरूले गरिरहेका होलान् अब समय आउँछ ती यातना दिने तत्वलाई न्यायी

परमेश्वरले सदाको निम्ति फैसला गरेर पन्छाउनुहुन्छ ("कहिलेसम्म, हे परमेश्वर? के तपाईं हामीहरूसँग सधैंभरि क्रोधित भइरहनुहुन्छ?
तपाईंको डाह आगोझैं कतिसम्म दन्की नै रहनेछ? भजनसंग्रह ७९:५, "हे परमप्रभु, कहिलेसम्म सहायताको निम्ति मैले पुकार गर्ने, तर तपाईं सुन्नुहुन्न? अथवा "उपद्रव" भनी म तपाईंमा कहिलेसम्म पुकारा गर्ने, तर तपाईं बचाउनुहुन्न?" हबकूक १:२ र "६ तीमध्ये एक जनाले नदीको पानीमाथि हुने मलमलको लुगा लगाउनेलाई भने, "यी अचम्मका कुराहरू पूरा हुन अघि कति समय लाग्ला?" ७ त्यस नदीका पानीमाथि हुने मलमलको लुगा लगाएका मानिसले आफ्नो दायाँ हात र बायाँ हात स्वर्गतिर उठाए, र सदासर्वदा रहनुहुनेको नाममा यसो भनेर तिनले शपथ खाएका मैले सुनें, "यो साढ़े तीन वर्षका निम्ति हुनेछ। जब पवित्र जनहरूको शक्ति अन्तमाः तोड़िनेछ, तब यी सबै कुरा पूरा हुनेछन्।" दानिएल १२:६-७)। परमेश्वरका जनहरूलाई दुष्ट, धार्मिक, राजनैतिक, सामाजिक, आर्थिक, आत्मिकको नाउँमा आतङ्ककारी हुने, दवाउने र कष्ट दिनेको आखिरमा सदाको निम्ति अन्त हुनेछ भनेर प्रकाशको पुस्तकले स्पष्टरूपमा खुलाउँदछ।

येशू ख्रीष्टको कहिल्यै अन्त नहुने राज्यको निम्ति पहल गर्ने समय आएको छ। हामीले अध्ययन गरिरहेका प्रकाशको पुस्तकको अन्तिम अध्यायहरूमा विश्वको धर्मगुरु बनेर मानिसहरूलाई बहकाउने अन्तिम बेबिलोनरुपी तत्वमात्र होइन शैतान र उसका दुष्ट फौजहरू पनि सदाको लागि ध्वस्त हुनेछ। अनि समस्त मानव प्राणीको निम्ति परमेश्वरले स्थापना गर्नुहुने अनन्तको राज्यको बारेमा केही झलकहरू पनि प्रकाशको अन्तिम अध्यायहरूमा हामी हेर्नेछौं।

## १. थुमाको विवाहको भोज

**येशू ख्रीष्ट र उहाँका जनहरूको बीचमा हुने मिलनलाई विवाहको भोजमा सामेल हुने भनेर अत्यन्त उचित तरिकाले चित्रण गरिएको देहायका पदहरूले कसरी दिन्छन्? हेर्नुहोस्ः प्रकाश १९:६-९ "६ त्यसपछि एउटा ठूलो भीड़को सोरजस्तो मैले सुनें, उलंर्दो पानीहरूको आवाज र धेरै शक्तिशाली मेघ गर्जनको आवाजजस्तो मैले सुनें, जसले यसो भनिरहेको थियोः "हल्लेलूयाह! किनकि परमप्रभु हाम्रा परमेश्वर सर्वशक्तिमान्ले राज्य गर्नुहुन्छ। ७ हामी रमाऔं र अत्यन्त खुशी होऔं, र उहाँलाई महिमा दिऔं! किनकि थुमाका विवाहको दिन आएको छ, र उहाँकी दुलही स्वयम् तयार भएकी छिन्। ८**

**चहकिलो र स्वच्छ मलमलको वस्त्र पहिरन तिनलाई दिइयो।" चहकिलो मलमलको वस्त्र सन्तहरूका धार्मिक कार्य हुन्। ९ अनि ती स्वर्गदूतले मलाई भने, "यो लेख, थुमाका विवाहको भोजमा निमन्त्रणा पाउनेहरू धन्यका हुन्।" तिनले फेरि मलाई भने, "परमेश्वरका सत्य वचनहरू यी नै हुन्।" र यूहन्ना १४:१-३ "१ "तिमीहरूको हृदय व्याकुल नहोस्। तिमीहरू परमेश्वरमाथि विश्वास गर्दछौ, ममाथि पनि विश्वास गर। २ मेरा पिताको घरमा बस्ने ठाउँहरू धेरै छन्। त्यसो नभए, के म तिमीहरूलाई भन्नेथिएँ र, कि तिमीहरूका निम्ति ठाउँ तयार पार्न म गइरहेछु? ३ अनि गएर मैले तिमीहरूका निम्ति ठाउँ तयार पारेपछि म फेरि आउनेछु, र तिमीहरूलाई मकहाँ लैजानेछु, र जहाँ म छु, त्यहाँ तिमीहरू पनि हुनेछौ।"**

दुई हजार वर्ष पहिले आफ्नो स्वर्गको घरमा जानुभन्दा अघि येशूले उहाँका जनहरूलाई विवाहको भोजमा सामेल हुन निमन्त्रना दिनुभएको थियो (मत्ती २२:१-१४)। यो भोज उहाँको दुलहीसँग विवाह गरेपछि हुनेछ। "येशू ख्रीष्टले उहाँको राज्य सम्हाल्न पुग्नुभएको उपलक्षमा गरिने औपचारिक समारोहको कार्यक्रमलाई विवाहको भोज भनेर चित्रण गरिएको छ। पवित्र सहर, नयाँ यरुशलेमलाई उहाँको दुलही वा थुमाको श्रीमती भनिएको छ।...प्रकाशको पुस्तकमा त्यस विवाहको भोजमा सामेल हुने परमेश्वरका जनहरूलाई पाहुना भनेर सम्बोधन गरिएको छ (प्रकाश १९:९)। यदि ती जनहरू पाहुना हुन् भने तिनीहरूलाई दुलही भन्न मिल्दैन...मत्ती २२ अध्यायमा त्यही खालको विवाहको भोजको अर्तीकथा येशूले सुनाउनुभएको थियो। विवाहभन्दा पहिला छानबिनको न्याय वा विवाहमा आउन को योग्य वा अयोग्य छ भनेर छानबिन गरेर फैसला सुनाउने काम भएको थियो भनेर त्यस अर्तीकथाले स्पष्टरूपमा बताउँदछ। विवाहभन्दा पहिले भोजमा सामेल हुने पाहुनाहरूलाई हेर्न राजा आउँदछन्। प्रत्येक पाहुनालाई लगाउन भोजको विशेष लुगा दिइएको थियो। सबै पाहुनाले त्यो लुगा लगाएका छन् कि छैनन् भनेर हेर्न राजा आएका थिए। त्यो सफा वा दागरहित वस्त्र प्रतीकको रुपमा थुमाको रगतमा धोइएर लगाइएको उहाँको चरित्र थियो। मत्ती २२:११ ""तर जब राजा पाहुनाहरूलाई हेर्न भनी भित्र आए, तब तिनले विवाहको पोशाक नलगाएको एक जना मानिसलाई देखे।" र प्रकाश ७:११-१२ "११ अनि सिंहासन, धर्म-गुरुहरू र चार जीवित प्राणीहरूका वरिपरि सबै स्वर्गदूतहरू उभिए, र तिनीहरू सिंहासनको सामुन्ने घोप्टो परी यसो भन्दै परमेश्वरलाई दण्डवत् गरे। १२ "आमेन! हाम्रा परमेश्वरलाई प्रशंसा, महिमा, बुद्धि, धन्यवाद,

सम्मान, शक्ति र सामर्थ्य सदासर्वदा होस्। आमेन!" १३ धर्म-गुरुहरूमध्ये एउटाले मलाई सोधे, "यी सेता पोशाक लाउनेहरू को हुन्, र कहाँबाट आएका हुन्?" १४ अनि मैले तिनलाई भने, "हजूर, तपाईं नै जान्नुहुन्छ।" तिनले मलाई भने, "यिनीहरू ती नै हुन्, जुनहरू महासङ्कष्टबाट आएका हुन्, र तिनीहरूले आफ्ना-आफ्ना पोशाकहरू थुमाको रगतमा धोएर सेता बनाएका छन्।"-एलेन जी ह्वाइट, द ग्रेट कन्त्रोभर्सी, पृ. ४२६-४२८बाट रूपान्तरित। आफ्नो मृत्यु र पुनरुत्थानपछि दुलाहा येशू आफ्ना पिताको घरमा उहाँका जनहरूलाई ठाउँ तयार पार्न जानुभएको थियो (यूहन्ना १४:१-३)। येशूको आगमनको अपेक्षा गर्दै ती पाहुनाहरू यस पृथ्वीमा रहिरहेका हुन्छन्। यस संसारको अन्त्यमा उहाँ यस पृथ्वीमा फर्केर आउनुहुनेछ र उहाँका पिताको घरमा तिनीहरूलाई लानुहुनेछ।

सफा, चहकिलो र स्वच्छ वस्त्र ख्रीष्टले आफ्नी दुलहीलाई पहिऱ्याइ दिनुभयो भनेर प्रकाश १९:७,८ले यसरी बताउँछ "७ हामी रमाऔं र अत्यन्त खुशी होऔं, र उहाँलाई महिमा दिऔं! किनकि थुमाका विवाहको दिन आएको छ, र उहाँकी दुलही स्वयम् तयार भएकी छिन्। ८ चहकिलो र स्वच्छ मलमलको वस्त्र पहिरन तिनलाई दिइयो।" त्यसको अर्थ जो पाहुनाहरू भोजको निमन्त्रणा स्वीकार गरेर सहर भित्र आए तिनीहरूले आफ्ना धर्मकर्म, परोपकारीय आदि कामहरूद्वारा धर्मात्मा भएर पाहुना हुन पाएका हुन् भनेर दावी गर्दैनन्। यसरी तिनीहरूले लाउने "स्वच्छ, सफा र चहकिलो वस्त्र सन्तहरूका धार्मिक कार्यहरू हुन्" (प्रकाश १९:८)। ती धार्मिक कार्य भनेको ख्रीष्टसँग एक भएर र उहाँलाई तिनीहरूको भित्री जीवनमा रहन दिंदाको परिणाम हो। ती वस्त्रहरू उहाँका धार्मिक कामहरू र उहाँका जनहरूको प्रतीक हुन्। ती जनहरूले उहाँका आज्ञाहरूलाई पालन गरेका थिए र तिनीहरूमा येशूमा भएको विश्वास वा आस्था थिए (प्रकाश १४:१२)। जब उहाँ यस संसारमा हुनुहुन्थ्यो उहाँले विवाहको भोजको उखान भन्नुभएको थियो। प्रत्येक पाहुनालाई विवाहको वस्त्र दिइएको थियो तर एक जना पाहुनाले त्यो लगाउन अस्वीकार गरेको थियो। राजाले दिएका विवाहको पोशाक नलगाइ आफ्नै पहिरणमा आएका थिए। हुनसक्छ त्यो आफ्नै रवाफिलो वा औपचारिक पहिरण थियो। तर राजाले त्यसलाई स्वीकार नगरेर भोजबाटै बाहिर निकाली दिए (मत्ती २२:१-१४)।

प्रकाश ३:१८ले भन्दछ "यसकारण धनी हुनलाई आगोले खारेको सुन र आफ्नो नग्नताको शर्म ढाक्नलाई सेतो वस्त्र र तिमीले देख्न सक भनी तिम्रा

आँखामा लाउनलाई मलहम, यी सबै मबाट किन्ने म तिमीलाई सल्लाह दिन्छु।"  अर्थात ख्रीष्टको धार्मिकताको वस्त्र भनेको सुनौलो विश्वास र प्रेम हो र आँखामा लगाउने मलहम भनेको पवित्र आत्मा हो जसले हामीहरूको आत्मिक आँखालाई खोलाइदिनुहुन्छ। युगको अन्तमा जीवित रहने परमेश्वरका जनहरूलाई ती तिन थोकको अत्यन्त आवश्यकता छ। ती उपहारहरू किन भनेर येशूले लेओडेकियाको चर्चलाई भन्नुहुन्छ। त्यसको अर्थ उहाँले हामीलाई दिनुहुने विश्वास, सेतो वस्त्र वा उहाँको धार्मिकता वा प्रेम र आँखामा लगाउने मलहम अर्थात् पवित्र आत्माको सट्टामा हामीहरूको अभिमानी वा हामीलाई परमेश्वर चाहिँदैन भन्ने शेखी र आफैलाई केन्द्रविन्दु बनाउने बानी अर्थात् आफूमाथि नै भरोसा राख्ने बानीलाई त्यागेर ख्रीष्टप्रति बफादार रहेर उहाँमाथि नै भरोसा राखेर हाम्रो मुक्तिको आशा केवल उहाँमात्रै हुनुहुन्छ भन्ने मनस्थितिको सृजना गर्नु हो।

**हो, हामीहरूको धर्मकर्म, काम आदिबाट हामीले मुक्ति पाउँदैनौं। यद्यपि तपाईंले के धार्मिक वा असल काम गरेर देखाइरहनुभएको छ जसले गर्दा तपाईंको जीवन कसको भक्त भएर जिइरहनुभएको छ भनेर देखाउँदछ?**

## २. आरमागेड्डोनयुद्धको अन्त्य

**प्रकाश १९:११-१६ पढ्नुहोस् "११ मैले स्वर्ग उघ्रेको देखें र त्यहाँ एउटा सेतो घोडा थियो। त्यसमाथि सवार हुनुहुने "विश्वासयोग्य" र "सत्य" कहलाइनुहुन्छ। धार्मिकतामा उहाँले इन्साफ र युद्ध गर्नुहुन्छ। १२ उहाँका आँखा आगोका ज्वालाजस्ता थिए, र उहाँका शिरमा धेरै राजमुकुट थिए। उहाँमा एउटा नाउँ अङ्कित थियो, जो उहाँलाई बाहेक अरू कसैलाई थाहा थिएन। १३ उहाँले रगतमा चोबलिएको पोशाक पहिरनुभएको थियो, र उहाँको नाउँ "परमेश्वरको वचन" थियो। १४ स्वर्गका सेनाहरू सेता र स्वच्छ मलमलका वस्त्र पहिरिई सेता घोडाहरूमा चड़ेर उहाँको पछिपछि लागे। १५ जातिजातिहरूलाई प्रहार गर्न उहाँको मुखबाट धारिलो तरवार निस्कन्छ, र उहाँले फलामको डन्डाले तिनीहरूमाथि शासन गर्नुहुनेछ। सर्वशक्तिमान् परमेश्वरका क्रोधको दाख-कुण्ड उहाँले कुल्चनुहुन्छ। १६ उहाँका पोशाक र तिघ्रामा "राजाहरूका राजा र प्रभुहरूका प्रभु" अङ्कित छ।" सेतो घोडामा चढ्ने व्यक्तिको नाउँ के हो र उहाँको मुखबाट तिखो तरवार निस्कनुको अर्थ के हो? अन्तमा हामी जित्नेको पक्षमा हुनुपर्छ भनेर त्यसले हामीलाई कसरी बताउँछ?**

सारा युगका विश्वासीहरूले प्रतीक्षा गरिरहेका येशूको दोस्रो आगमनको प्रतिज्ञा पूरा भएको चित्रण माथिका पदहरूले देखाउँदछ। येशूले जस्तै तिनीहरूले तिनीहरूको विश्वास अर्थात् आस्था परमेश्वरको वचनमा राखेका थिए। प्रकाश १९:११-१६मा येशूका धेरै विजयहरू अन्तिम चरणमा पुगेको देखाउँछः येशूले शैतानलाई स्वर्गमा जित्नुभएको थियो, उहाँले शैतानमा उजाडस्थान अर्थात् मरुभूमिमा हारिदिनुभएको थियो, उहाँले उसलाई क्रुसमा हारिदिनुभएको थियो र उहाँको आगमनमा सदाको निम्ति शैतानको अस्तित्व नै खतम गरेर उसलाई उहाँले हारिदिनुहुनेछ।

"मानिसको मुठ्ठीको आधा भागको आकार भएको सानो कालो बादल पूर्वमा तुरन्तै देखापर्दछ । त्यो बादलले येशूलाई घेरेको थियो तर परबाट हेर्दा अन्धकारले घेरेको जस्तो देखिनेछ। यो मानिसको पुत्रको आगमन भएको चिन्ह हो भनेर परमेश्वरका जनहरूलाई थाहा हुन्छ। अत्यन्त गम्भीर भएर चुपचापसाथ पृथ्वीको नजिक नजिक त्यो बादल आइरहेको तिनीहरूले हेरिरहन्छन्।

जब त्यो बादल पृथ्वीको नजिक आइपुग्छ तब त्यो बादल त ठूलो सेतो बादल जस्तो देखिन्छ र त्यसको मुनि दन दन आगो बलिरहेको जस्तो महिमा हुन्छ र त्यसको माथि करारको इन्द्रेणी हुन्छ। त्यो बादल बादल नभएर एक चक्रवर्ती योद्धा येशू चढेर आइरहेको हुनुहुनेछ। उहाँ अब बेइज्जत र बेदनाको तीतो कचौरा पिउने शोकित मानिस नभएर स्वर्ग र पृथ्वीमा बिजय पाउनुभएको यशस्वीमय प्रभु भएर आइरहनुभएकोहुनेछ र जीवित र मरेकाको न्याय गर्न उहाँ आइरहनुभएको देखिनेछ। 'उहाँ विश्वासिलो र सत्य हुनुहुन्छ,' 'धार्मिकतामा उहाँले न्याय गर्दै उहाँका शत्रुसँग युद्ध गर्नु हुनेछ। र स्वर्गमा भएका फौजहरू (प्रकाश १९:११,१४) उहाँको पछि पछि लागिरहेको देखिनेछ। स्वर्गको तालमा पवित्र स्वर्गदूतहरूको सङ्गित तथा स्वरले आकाश गुञ्जयमान हुनेछ र अनगिन्ति स्वर्गदूतहरू उहाँको सेवा गर्न उहाँको बाटोमा लागिरहेका हुनेछन्। आकाश अत्यन्त चहकिलो हुनेछ-दशौं हजार गुणा दशौं हजार र हजारौं हजार स्वर्गदूतहरूले आकाशलाई ढाक्नेछन्। यो दृश्य कुनै पनि मानिसको कलमले चित्रण गर्न सक्दैन। यस महान गौरवशाली प्रतापको व्याख्या गर्न कुनै पनि मरणशील मानिसको दिमागले भ्याउँदैन।"-एलेन जी ह्वाइट, द ग्रेट कन्त्रोभर्सी, पृ. ६४०,६४१बाट रूपान्तरित।

पावलले २ थेस्सोलिनिकी १:८-१०मा येशूको आगमनको बारेमा त्यस्तै खालको चित्रण गर्दछन्। उहाँको दोस्रो आगमनमा उहाँको विजय

अन्तिम चरणमा पुग्नेछ। धर्मलाई तिरस्कार गर्ने सामाजिक, राजनैतिक र आत्मिक शक्तिहरू जसले उहाँको विरुद्धमा षडयन्त्र गरेका थिए उहाँको आगमनमा तिनीहरूलाई नाश पारिनेछ र उहाँका जनहरू सदाको निम्ति पापको पकडबाट स्वतन्त्र हुनेछन्। हेर्नुहोस् पावलको वचनहरू: "५ के तिमीहरूलाई याद छैन, म तिमीहरूसँग छँदा नै मैले यी कुराहरू तिमीहरूलाई भनेको थिएँ? ६ त्यो आफ्नो समयमा प्रकट होस् भन्ने हेतुले कुन कुराले त्यसलाई अहिलेसम्म रोकिराखेको छ, यो तिमीहरू जान्दछौ। ७ किनकि अधर्मको रहस्यले अघिबाटै काम गरिरहेछ। अहिलेसम्म जसले त्यसलाई रोकिराख्नुभएको छ, उहाँ नहटुञ्जेल त्यसलाई रोकी नै राख्नुहुनेछ। ८ तब त्यस पापको मानिस प्रकट हुनेछ, जसलाई प्रभु येशूले आफ्नो मुखको सासले नाश पार्नुहुनेछ, र उहाँका आगमनको प्रकाशले त्यसलाई नाश गर्नुहुनेछ। ९ शैतानको कामकाजबमोजिम पापको मानिस सारा शक्ति र छलपूर्ण चिन्हहरू र चमत्कारसहित, १० र नाश हुनेहरूलाई छलमा पार्ने समस्त दुष्टतासहित आउनेछ, किनकि तिनीहरूले सत्यलाई प्रेम गर्न र त्यसरी बाँच्न इन्कार गरे। ११ यसैकारण तिनीहरूले झूटा कुरामा विश्वास गरून् भनेर परमेश्वरले तिनीहरूमाथि एक शक्तिशाली भ्रम पठाउनुहुन्छ, १२ ताकि सत्यमाथि विश्वास नगर्ने, तर अधार्मिकतामा आनन्द मनाउने सबै जना दोषी ठहरिऊन्।" २ थेसलोनिकी २:५-१२ र "५ परमेश्वरको धार्मिक इन्साफको साक्षी यही हो, कि तिमीहरू परमेश्वरका राज्यको योग्य ठहरिन सक, जसको निम्ति तिमीहरू दुःख भोगिरहेछौ। ६ परमेश्वर न्यायी हुनुहुन्छ, उहाँले तिमीहरूलाई दुःख दिनेहरूलाई दुःख दिनुहुन्छ, ७ र तिमी कष्ट पाएकाहरूलाई हामीहरूसँगै आराम दिनुहुन्छ। यो तब हुन्छ, जब प्रभु येशू आफ्ना शक्तिशाली स्वर्गदूतहरूसँग बल्दो आगोमा स्वर्गबाट प्रकट हुनुहुनेछ। ८ परमेश्वरलाई नचिन्नेहरूलाई र हाम्रा प्रभु येशूको सुसमाचार नमान्नेहरूलाई उहाँले दण्ड दिनुहुन्छ। ९ तिनीहरूले अनन्त विनाशको दण्ड तथा प्रभुको उपस्थिति र उहाँका शक्तिको महिमाबाट अलग हुने दण्ड भोग्नेछन्, १० जब त्यस दिन उहाँका सन्तहरूमा महिमा पाउन र विश्वास गर्नेहरू सबैलाई आश्चर्यचकित पार्न उहाँ आउनुहुनेछ, किनभने तिमीहरूलाई दिएको हाम्रो साक्षीमा तिमीहरूले विश्वास गऱ्यौ।" (२ थेसलोनिकी १:५-१०)।

**प्रकाश १९ले दुई भोजहरूको बारेमा उल्लेख गर्दछ पद ९ "अनि ती स्वर्गदूतले मलाई भने, "यो लेख, थुमाका विवाहको भोजमा निमन्त्रणा पाउनेहरू धन्यका हुन्।" तिनले फेरि मलाई भने, "परमेश्वरका सत्य वचनहरू यी नै हुन्।"**

र पद १८ "तिमीहरूले राजाहरू, कप्तानहरू, शक्तिशाली मानिसहरू र घोडाहरू र तीमाथि सवार हुनेहरू, फुक्का र कमारा-कमारीहरू, ठूला र साना सबैको मासु खानेछौ।" एउटा भोजमा निमन्त्रणा पाएकाहरूले भोज खानेछन् भने अर्को भोजमा तिनीहरूलाई नै खाइदिनेछ। यो एकदम नाङ्गो उल्लेखनीय भिन्नताको कल्पना गर्न मुस्किल छ। येशू र शैतानको बीचमा भइरहेको महान् बैचारिक द्वन्द्व वा ग्रेट कन्त्रोभर्सीमा यस संसारमा जन्मिने प्रत्येक मानिसको भविष्य निर्धारण भएको हुन्छ। यस चित्रणले हामीलाई के सिकाउँछ जसले गर्दा हामीले हामीहरूको विश्वास र हामीलाई सुसमाचार सुनाउन बोलाइएको लक्ष्यमा हामीहरूले खेलाँची गर्नुहुँदैन भनेर सिकाउँदछ?

## ३. सहस्रवर्ष वा सहस्राब्दी

शैतानलाई एक हजार वर्षसम्म सिक्रीले बाँधिराखिनेछ भनिएको छ। त्यसबेला यस पृथ्वीको अवस्था कस्तो हुनेछ? हेर्नुहोस् प्रकाश २०:१-३ "१ यसपछि मैले गहिरो भड्खालाको साँचो र ठूलो साङ्लो हातमा लिएका एक स्वर्गदूतलाई स्वर्गबाट ओर्लिरहेको देखें। २ अनि तिनले त्यो रातो अजिङ्गरलाई पक्रेर एक हजार वर्षसम्म बाँधिदिए। अजिङ्गरचाहिँ सुरुको सर्प वा दुष्टात्माको राजा वा शैतान हो। ३ त्यसले जाति-जातिलाई अबदेखि नठगोस् भनेर स्वर्गदूतले त्यसलाई गहिरो भड्खालामा फ्याँकिदिए र ढोकामा ताल्चा मारेर मोहर लगाइदिए। एक हजार वर्ष बितिसकेपछि अलिबेरको निम्ति त्यो फुकाइनुपर्छ।" र यर्मिया ४:२३-२६ "२३ मैले पृथ्वीलाई हेरें, त्यो रित्तो थियो; मैले आकाशलाई हेरें, त्यहाँ रत्तिभर उज्यालो थिएन। २४ मैले पर्वतहरूलाई हेरें, ती हल्लिरहेका थिए र डाँडाहरूले यताउति धक्का दिइरहेका थिए। २५ मैले हेरें र त्यहाँ कोही मानिसहरू नै थिएनन्, आकाशका पंक्षीहरू पनि उडेर गइसकेका थिए।२६ मलिलो भूमि मरुभूमि भयो, सहरहरू विनाश भए, परमप्रभुको प्रचण्ड क्रोधको कारणले नाश भए।"

येशूको दोस्रो आगमनपछि १००० वर्ष वा सहस्रवर्ष वा सहस्राब्दी सुरु हुन्छ। हजार वर्षसम्म शैतान र उसका पतित स्वर्गदूतहरूलाई सिक्रीले बाँधेर राखिनेछ। त्यो सिक्री फलामको नभएर साङ्केतिक भाषामा यस पृथ्वीमा उसलाई एक्लो निर्वासित जीवन वा नजरबन्दमा बिताउन दिने हो। कुनै पनि आत्मिक प्राणीलाई भौतिकरूपमा सिक्रीले बाँध्न सक्दैन। यथार्थमा शैतानलाई उदासिन वातावरणमा फस्न वाध्य पारिनेछ। अनेकौं महामारी तथा बिपत्तिहरूले यस पृथ्वीको मानविय, प्राकृतिक र भौगोलिक वातावरण ध्वस्त

पारेको हुन्छ। यस पृथ्वीमा कुनै पनि दुष्ट मानव प्राणी जिवित हुँदैन। सृष्टिको सुरुको पृथ्वीको अवस्था भद्रगोल थियो (उत्पत्ति १ः२), त्यही अवस्था जस्तै यस पृथ्वीलाई पुऱ्याइनेछ। यस्तो अवस्थामा एक हजार वर्षसम्म यस पृथ्वी शैतानको निम्ति झ्यालखाना जस्तै हुनेछ। आफ्नो छललाई फैलाउन र धोखामा फसाउन यस पृथ्वीमा कोही मानव जाति हुँदैन। एक हजार वर्षसम्म शैतान र उसका पतित दुष्ट स्वर्गदूतहरू आफूहरूले परमेश्वर र असल मानव जातिको विरुद्धमा गरेका सम्पूर्ण दुष्ट क्रियाकापहरूलाई फर्केर हेर्नेछन्। परमेश्वरले ल्याउनुहुने दण्डको परिणामको बारेमा बिचार ती शैतान र उसका दुष्ट दूतहरूले गरिरहनेछन्।

**जब शैतान र उसका दुष्ट दूतहरूले यस पृथ्वीमा आफ्नो दष्टताको लेखाजोखा एक हजार वर्षसम्म गरिरहनेछन् तब मुक्ति पाएकाहरू सहस्राव्धीसम्म कहाँ हुनेछन्? पढ्नुहोस् प्रकाश २०ः४-६ "४ तब मैले सिंहासनहरू र त्यसमाथि बस्नेहरूलाई देखें, जसलाई इन्साफ गर्ने अधिकार दिइएको थियो। तब येशूका गवाहीको निम्ति र परमेश्वरका वचनको निम्ति शिर काटिएकाहरू, र त्यो पशु र त्यसका मूर्तिको पूजा नगर्नेहरू र त्यसको छाप निधार वा हातमा नलगाउनेहरूका आत्माहरूलाई मैले देखें। तिनीहरू फेरि जीवित भए, र तिनीहरूले ख्रीष्टसँग एक हजार वर्षसम्म राज्य गरे। ५ अरू मरेकाहरूचाहिँ ती एक हजार वर्ष नबितुञ्जेल जीवित भएनन्। यो पहिलो पुनरुत्थान हो। ६ पहिलो पुनरुत्थानमा सहभागी हुनेहरू धन्य र पवित्र हुन्। यिनीहरूलाई दोस्रो मृत्युको शक्तिले केही गर्न सक्दैन, तर तिनीहरू परमेश्वर र ख्रीष्टका पूजाहारी भएर उहाँसँग एक हजार वर्षसम्म राज्य गर्नेछन्।"**

प्रभु येशूले तयार पारिरहनुभएको स्वर्गको ठाउँहरूमा परमेश्वरका जनहरू सहस्राब्दीसम्म रहनेछन् (यूहन्ना १४ः१-३ "१ "तिमीहरूको हृदय व्याकुल नहोस्। तिमीहरू परमेश्वरमाथि विश्वास गर्दछौ, ममाथि पनि विश्वास गर। २ मेरा पिताको घरमा बस्ने ठाउँहरू धेरै छन्। त्यसो नभए, के म तिमीहरूलाई भन्नेथिएँ र, कि तिमीहरूका निम्ति ठाउँ तयार पार्न म गइरहेछु? ३ अनि गएर मैले तिमीहरूका निम्ति ठाउँ तयार पारेपछि म फेरि आउनेछु, र तिमीहरूलाई मकहाँ लैजानेछु, र जहाँ म छु, त्यहाँ तिमीहरू पनि हुनेछौ")। यस संसारमा पेलिएका, हेपिएका, तिरस्कार गरिएका, कुजात भनेर हेला गरिएका, अनाहक र असमायीक समयमा मारिनुपरेका परमेश्वरका जनहरू स्वर्गको सिंहासनमा बस्दै राजा र पूजारीहरू भएर यस संसारमा जन्मिएका प्रत्येक मानिसको लेखाजोखा गरिरहनेछन्। यस सन्दर्भमा येशू आफैले यसरी पुष्टि

गर्नुभयो "तिनीहरू इस्राएलका बाह्र कूलहरूको न्याय गर्न बाह्र सिंहासनहरूमा बस्नेछन्" (मत्ती १९:२८)। यस बारेमा पावलले पनि यसरी समर्थन गर्दछन् "२ सन्तहरूले संसारको न्याय गर्छन् भन्ने कुरा के तिमीहरूलाई थाहा छैन? यदि संसारको न्याय तिमीहरूले नै गर्नुपर्छ भने, सानाभन्दा साना मुद्दाहरू छिन्न के तिमीहरू अयोग्य छौ? ३ के तिमीहरूलाई थाहा छैन, हामी स्वर्गदूतहरूको न्याय गर्नेछौं? उसो भए यस जीवनमा हुने कुरा ठूला हुन् र? "

परमेश्वरका सम्पूर्ण क्रियाकलापहरू कतिको न्यायोचित रहेछ भनेर सन्तहरूले हेर्ने अवसर त्यो सहस्रवर्षमा हेर्न पाउनेछन्। यस संसारमा पापको सृजना गरेर शैतानले विश्वको इतिहासभरि परमेश्वरको चरित्रको बिरुद्धमा मानिसहरूको बीचमा शङ्का उत्पन्न गराएको थियो। परमेश्वर निष्ठुर हुनुहुन्छ, उहाँले जबरजस्ती आफूलाई पूजा गर्न लगाउनुहुन्छ, आफूले सृष्टि गरिएका प्राणीलाई धर्मको नाउँमा शोषण गर्नुहुन्छ, पक्षपात गर्नुहुन्छ भन्ने जस्ता अनेकौं उहाँका चरित्र हत्या गर्ने जस्ता आरोपहरू शैतान र उसका मतियारहरूले लगाएका थिए। मुक्ति नपाएका जनहरूले किन मुक्ति पाएनन् भनेर सबै प्रश्नको जवाफहरू मुक्ति पाएकाहरू आफूहरूले नै संसार सृष्टिभएदेखिनको लेखाको इतिहास हेरेर थाहा पाउनेछन्। परमेश्वरले जे गर्नुभयो सो न्यायपूर्वक गर्नुभयो, ती उचितै थिए भनेर ती मुक्ति पाएकाहरूले प्रत्यक्ष मूल्याङ्कन गर्न पाउनेछन्। फेरि हजार वर्षसम्मै आफूहरू पापी भएतापनि तिनीहरू पश्चाताप गरेर परमेश्वरतिर फर्किंएका कारण उहाँको अनुग्रहले तिनीहरूको जीवनमा काम गर्दै तिनीहरूलाई कसरी अगुवाई गरिरहनुभएको रहेछ भनेर तिनीहरूले सिंहावलोकन गर्न पाउनेछन्। त्यसपछि परमेश्वरको बारेमा गरेका अनेकौं प्रश्नहरू, उहाँको न्यायको बारेमा उत्पन्न भएका शङ्काहरू सदाको निम्ति साम्य हुनेछ। परमेश्वरप्रति शैतानले गरेका सबै आरोपहरू आधार वा जगहीन, झुटो, छलि, धोखा दिने खालका हुन् भनेर परमेश्वरका जनहरूले दूधको दूध पानीको पानी छुट्याएर हेर्न सामर्थ हुनेछन्। अब पापीहरू किन पापमै बस्न रुचाए र तिनीहरूलाई आफूहरूसँग स्वर्गमा किन आउन दिएनन् भनेर परमेश्वरको न्यायिक प्रशासनको मूल्याङ्कन गर्दै पापीहरूको अन्तिम न्याय कस्तो न्यायोचित रहेछ भनेर ती सन्तहरूले हजारवर्षको दौरानमा हेर्नपाउनेछन्।

**हामीहरूमा कोसँग परमेश्वरको बारेमा कठिन प्रश्नहरू छैनन् होला? त्यसका जवाफहरू कुनै मानव विद्वानहरूले दिन नसकेको हुन्छ। तर एक दिन परमेश्वरले हामीहरूका प्रश्नका जवाफहरू सबै दिनुहुनेछ भन्ने आत्मज्ञानले उहाँको चरित्रको बारेमा हामीलाई के देखाउँछ?**

## ४. नयाँ पृथ्वी र र नयाँ स्वर्ग"

**जब यस** पृथ्वीमा पापको प्रत्येक तत्व सदाको निम्ति अन्त्य पारिएर यसको कायापलट अर्थात् पूर्ण रूपमा परिवर्तन गरिनेछ। आगोले सफा गरिएको यो पृथ्वी नयाँ भइदिएर मुक्ति पाएकाहरूको निम्ति घर हुनेछ। हुनत त्यो घर कस्तो हुनेछ भनेर मानव दिमागले कल्पना गर्न नसक्ने भएतापनि बाइबलमा हामीलाई केही झलक देखाइएको छ। प्रकाश २१:१मा यूहन्नाले भन्दछन् "तब मैले नयाँ आकाश र नयाँ पृथ्वी देखें, किनकि पहिलो आकाश र पहिलो पृथ्वी बितिगएका थिए। समुद्र त अब छँदैथिएन।" स्वर्ग भन्दा बाइबलले तिन किसिमको स्वर्गको वर्णन गर्दछः बायुमण्डल वा आकाश, ताराहरूको जगत र परमेश्वर रहनुहुने स्थान ("२ ख्रीष्टमा म एक जना मानिसलाई चिन्दछु, जो चौध वर्षअघि तेस्रो स्वर्गसम्म उचालिलगियो। ऊ शरीरमै लगियो कि शरीरविनै, सो म जान्दिनँ, परमेश्वर जान्नुहुन्छ। ३ म त्यस मानिसलाई चिन्दछु, शरीरमा हो कि विनाशरीरमा, त्यो मलाई थाहा छैन, तर त्यो मानिस स्वर्गलोकमा उचालिलगियो, यो कुरा परमेश्वर जान्नुहुन्छ" २ कोरिन्थी १२:२-३)। प्रकाश २१:१मा पृथ्वीको बायुमण्डलको दृश्य देखाइएको थियो। प्रदुषित पृथ्वी र आकाश वा बायुमण्डल परमेश्वरको प्रतापमा टिक्न सक्दैन (प्रकाश २०:११ "११ तब मैले एउटा ठूलो सेतो सिंहासन र त्यसमाथि विराजमान हुनुहुनेलाई देखें। उहाँको सामुन्नेबाट पृथ्वी र आकाश भागेर गए, र तिनीहरूका निम्ति कतै ठाउँ पाइएन")। ग्रीक शब्दमा कायनोज *(kainos)* भन्ने शब्दले उच्च गुणस्तरको नयाँ थोक भनेर देखाउँछ। यो समय र सुरुको बस्तुलाई काटकुट गरेर नयाँ बनाउनु भनेको होइन। तर यस ग्रहलाई आगोले जलाएर पगालीनेछ र पापरहित पृथ्वीको पुन संरचना गरिनेछ। यस पृथ्वीलाई जिर्णोद्धार गरिने नभएर नयाँनै बनाइनेछ (२ पत्रुस ३:१०-१३ "१० तर प्रभुको दिन त चोरजस्तै गरी झट्टै आउनेछ, जसमा आकाशचाहिँ ठूलो आवाजसाथ बितिजानेछ, तत्त्वहरू आगोको रापले पग्लिनेछन्, र पृथ्वी र त्यसमा भएका सबै थोक भस्म हुनेछन्। ११ यी सबै कुराहरू यसरी पग्लन्छन् भन्ने जानेर पवित्रता र भक्तिको जीवनमा तिमीहरू कस्ता किसिमका मानिस हुनुपर्छ? १२ तिमीहरू परमेश्वरको दिन प्रतीक्षा गर्दछौ, र त्यस दिनलाई नजिक ल्याउन चाहन्छौ, जुन दिन आकाशहरू जलेर भस्म हुनेछन्, र तत्त्वहरू आगोको रापमा पग्लनेछन्। १३ तर उहाँको प्रतिज्ञाबमोजिम हामी नयाँ स्वर्ग र नयाँ पृथ्वीको बाटो हेर्छौं, जसमा धार्मिकताले वास गर्छ" २ पत्रुस ३:१०-१३)। अचम्मको कुरो के छ भने जब यूहन्नाले नयाँ पृथ्वी देख्छन् तब त्यहाँ समुद्र हुँदैन।

"समुद्र" हुँदैन भनेर सम्बोधन गर्दा यूहन्नाको दिमागले पत्मोसको टापु भनेको हुनुपर्छ। यो समुद्र यूहन्नाको निम्ति मानिसलाई दुःखकष्ट दिने र अरू मानिसबाट अलग राख्ने वस्तुकोरुपमा हुनसक्छ। नयाँ पृथ्वीमा समुद्र नरहनुको अर्थ यूहन्नाको निम्ति उनका प्रियजनहरूबाट बिछोड भएर बस्नुपर्दा भोगिने पीडाबाट मुक्त हुनु थियो।

**उत्पत्ति २मा वर्णन गरिएको अदनको बगैंचा र प्रकाशको पुस्तकमा वर्णन गरिएको नयाँ पृथ्वीको वर्णन कसरी मिल्दछ? पढ्नुहोस्ः उत्पत्ति २:८-१५ "८ परमेश्वरले पूर्वतिर अदनमा एउटा बगैंचा लगाउनुभयो, र उहाँले बनाउनुभएको मानिसलाई त्यहीं राख्नुभयो। ९ अनि हेर्नमा राम्रो र खानमा असल फल भएको हरेक किसिमको रूख परमप्रभु परमेश्वरले भूमिबाट उमार्नुभयो। उहाँले बगैंचाको बीचमा जीवनको रूख र असल र खराबको ज्ञान दिने रूख पनि लगाउनुभयो। १० बगैंचा भिजाउनलाई अदनबाट एउटा नदी निस्केको थियो, र त्यहाँबाट छुट्टिएर त्यो चार शाखा भएको थियो। ११ पहिलो नदीको नाउँ पीशोन हो। यो त्यही नदी हो, जुन हवीलाको समस्त मुलुकमा बहन्छ, जहाँ सुन पाइन्छ। १२ त्यस देशको सुन असल हुन्छ। त्यहाँ खोटो र आनिक्सहरू छन्। १३ दोस्रो नदीको नाउँ गीहोन हो। कूशको समस्त देशमा बहने नदी यही हो। १४ तेस्रो नदीको नाउँ टाइग्रिस हो। यो त्यही नदी हो, जो अश्शूरको पूर्वतिर बहन्छ। र चौथो नदी यूफ्रेटिस हो। १५ परमप्रभु परमेश्वरले मानिसलाई लगेर अदनको बगैंचामा त्यसको गोड़गाड़ र हेरचाह गर्न राख्नुभयो।", प्रकाश २१:२-८ "२ अनि मैले परमेश्वरबाट दुलहाको निम्ति दुलही जस्तै गरी सिङ्गारिएर तयार पारिराखेकी, अर्थात् पवित्र सहर, नयाँ यरूशलेम स्वर्गबाट तलतिर झरिरहेको देखें। ३ सिंहासनबाट यसो भन्ने एउटा चर्को सोर मैले सुनें, "हेर, परमेश्वरको वास मानिसहरूसँग भएको छ। उहाँ तिनीहरूसँग वास गर्नुहुनेछ, र तिनीहरू उहाँका प्रजा हुनेछन्, र परमेश्वर आफै तिनीहरूका परमेश्वर भएर तिनीहरूसँग रहनुहुनेछ। ४ उहाँले तिनीहरूका आँखाको आँसु पूर्ण रूपले पुछिदिनुहुनेछ, र फेरि मृत्यु नै हुनेछैन, र शोक र पीडा पनि हुनेछैन। किनकि पहिलेका कुराहरू बितिसकेका छन्।" ५ सिंहासनमा विराजमान हुनुहुनेले मलाई भन्नुभयो, "हेर, म सबै कुरा नयाँ तुल्याउँछु।" उहाँले यसो पनि भन्नुभयो, "यो लेख, यी कुराहरू भरपर्दा र सत्य छन्।" ६ उहाँले मलाई भन्नुभयो, "अब सिद्धियो। म अल्फा र ओमेगा हुँ, आदि र अन्त्य म नै हुँ। तिर्खाउनेहरूलाई जीवनका पानीको फुहाराबाट म सित्तैंमा दिनेछु। ७ जसले विजय प्राप्त गर्छ त्यसले यो उत्तराधिकार पाउनेछ, र म त्यसका परमेश्वर हुनेछु, र त्योचाहिँ मेरो**

छोरो हुनेछ। ८ तर डरपोकहरू, अविश्वासीहरू, घिनलाग्दा भएकाहरू, हत्याराहरू, व्यभिचारीहरू, जादूगरहरू, मूर्तिपूजकहरू र झूटा बोल्नेहरू सबैको हिस्सा आगो र गन्धक दन्कने कुण्डमा हुनेछ। यो दोस्रो मृत्यु हो।" र प्रकाश ७:१५-१७ "१५ यसैकारण, "तिनीहरू परमेश्वरका सिंहासनको सामुन्ने छन्, र दिनरात उहाँको मन्दिरमा उहाँको सेवा गर्दछन्, र सिंहासनमा विराजमान हुनुहुनेले आफ्नै उपस्थितिले तिनीहरूलाई शरण दिनुहुनेछ। १६ तिनीहरू कहिल्यै भोकाउने र तिर्खाउनेछैनन्, सूर्यको राप अथवा कुनै प्रचण्ड ताप तिनीहरूमाथि पर्नेछैन, १७ किनकि सिंहासनको बीचमा हुनुहुने थुमा तिनीहरूका गोठालो हुनुहुनेछ, र तिनीहरूलाई डोऱ्याएर जिउँदो पानीको स्रोतसम्म लानुहुनेछ, र परमेश्वरले तिनीहरूका आँखाबाट सबै आँसु पुछिदिनुहुनेछ।"

**फेरी सृजनाभएको** नयाँ पृथ्वीमा आफ्ना जनहरूसँग परमेश्वरको उपस्थिति हुनेभएकोकारणले दुःखकष्ट र मृत्युबाट स्वतन्त्र हुने वचनवद्धता वा ग्यारेन्टी दिइएको छ। नयाँ यरुशलेम र परमेश्वरको पवित्र स्थान नयाँ पृथ्वीमा हुनेभनिएकोले (प्रकाश २१:३) उहाँ उहाँका जनहरूको बीचमा हुनुहुनेछ भनिएको छ। भक्तजनहरूको बीचमा परमेश्वर हिँडडुल गर्नुहुने र उहाँको उपस्थितिले पुनसंरचना गरिएको नयाँ पृथ्वी यथार्थरूपमा तिनीहरूको जीवनमा त्यो स्वर्ग नै भएको अनुभूति तिनीहरूले पाउनेछन्।

दुःखकष्ट आदिबाट स्वतन्त्र हुने वचनवद्धता वा ग्यारेन्टी उहाँ स्वयंको उपस्थितिले हुनेछः त्यहाँ मृत्यु हुनेछैन, शोक हुँदैन, कोही रुनुपर्दैन नत कुनै पीडा नै हुनेछ। मानिसले भोगेका यी सबै नकारात्मक तत्वहरू पापको परिणामले गर्दा हो। पापको उन्मुलनले गर्दा पहिलेका तत्वहरू बितेर जानेछन् (प्रकाश २१:४)।

परमेश्वरको उपस्थितिमा मृत्यु हुनेछैन भन्ने भावना मार्था र मरियमले तिनीहरूको भाइ लाजरसको मृत्युमा व्यक्त गरेका थिएः "प्रभु, यदि तपाईं यहाँ हुनुभएको भए, मेरा भाइ मर्ने थिएन" (यूहन्ना ११:२१,३२ रूपान्तरित)। येशू ख्रीष्टको उपस्थितिमा मृत्युको अस्तित्व हुनसक्दैन भनेर ती दिदीबहिनीहरूलाई थाहा थियो। त्यही किसिमले नयाँ पृथ्वीमा परमेश्वरको उपस्थितिले अहिले हामीहरूको जीवनले भोगिरहेका दुःखकष्ट, पीडा र मृत्युबाट हामी स्वतन्त्र हुनेछौं। यो स्वतन्त्रताको महान् आशा प्रतिज्ञास्वरुप हामीलाई दिइएको छ। त्यो आशाको प्रतिज्ञालाई येशू ख्रीष्टले आफ्नै रगतले लालमोहर लगाएर शिलबन्दी गर्नुभएको छ।

यस पापी संसारमा हामीले भौंतारिएको अनुभव गरेतापनि नयाँ पृथ्वीमा हामीहरूको अस्तित्व नयाँ नै हुनेछ भन्ने आशाको प्रतिज्ञा हामीहरूको सबै विश्वासको मूल केन्द्रविन्दु किन हुनुपर्छ? यदि यो प्रतिज्ञा वा आशा हामीमा भएन भने हामीहरूको विश्वास, आस्था वा आत्मिक जीवनको औचित्य के रह्यो र?

## ५. नयाँ यरुशलेम

यूहन्नाले अब नयाँ पृथ्वीको राजधानी, नयाँ यरुशलेमको बृतान्त बताउँछन्। यो कुनै हावादारी वा केवल आत्मिक कुरामात्र नभएर वास्तविक रूपमै स्थान हो जहाँ वास्तविक मानिसहरूले बसोबास गर्नेछन्। तर नयाँ यरुशलेम र नयाँ जीवन यस संसारमा भएको कुनै पनि मानिसले बुझ्नेभन्दा अपार छ। यस भावनालाई पावलले यसरी पुष्टि गर्दछन् "तर यसो लेखिएको छ, "आँखाले नदेखेका र कानले नसुनेका र मानिसले मनमा नसोचेका, यी नै कुरा परमेश्वरले उहाँलाई प्रेम गर्नेहरूका निम्ति
तयार पार्नुभएको छ।" १ कोरिन्थी २:९।

**नयाँ यरुशलेमको वाह्य संरचना कस्तो छ? पढ्नुहोस्, प्रकाश २१:९-२१ "९ तब ती सात अन्तिम विपत्तिले भरिएका सात कचौरा हुने सात स्वर्गदूतहरूमध्ये एक जना आएर मलाई यसो भने, "आऊ, म तिमीलाई थुमाकी पत्नी, उहाँकी दुलही देखाउनेछु।" १० तिनले मलाई पवित्र आत्मामा एउटा ठूलो र उच्च पर्वतमा लगे, र परमेश्वरबाट स्वर्गदेखि तलतिर झरिरहेको पवित्र सहर यरूशलेम मलाई देखाए। ११ त्यसमा परमेश्वरको महिमा थियो, र त्यसको चमक बहुमूल्य रत्नहरू तथा बिल्लौर स्फटिकजस्तो चहकिलो थियो। १२ त्यसको वरिपरि ठूलो र अल्गो पर्खाल थियो, र त्यसमा बाह्र ढोका थिए। ढोकाहरूमा बाह्र स्वर्गदूत थिए। ती ढोकाहरूमा इस्राएलका बाह्रै कुलका नाउँ लेखिएका थिए। १३ पूर्वमा तीन ढोकाहरू, उत्तरमा तीन, दक्षिणमा तीन र पश्चिममा तीन ढोकाहरू थिए। १४ सहरको पर्खालका बाह्र जग थिए। तीमाथि थुमाका बाह्रै प्रेरितहरूका बाह्र नाउँ लेखिएका थिए। १५ सहर र त्यसका ढोकाहरू र पर्खाल नाप्नलाई मसँग बोल्नेसँग एउटा सुनको नाप्ने टाँगो थियो। १६ त्यो सहर वर्गाकार थियो। त्यसको चौडाइ र लमाइ समान थियो। तिनले त्यस टाँगोले नाप्दा त्यो सहर दुई हजार चार सय किलोमिटर थियो। त्यसको लमाइ, चौडाइ र उचाइ बराबर थियो। १७ स्वर्गदूतले त्यसको पर्खाल पनि नापे, र मानिसले चलाएको नापअनुसार त्यो पैंसठ्ठी मिटर थियो। १८ त्यो पर्खाल**

**बिल्लौरले बनेको थियो, र सहरचाहिँ निखुर सुनले बनेको थियो र सफा काँचजस्तै त्यो चम्कन्थ्यो। १९ पर्खालका जगहरू अनेक किसिमका बहुमूल्य रत्नहरूले जडिएका थिए। पहिलो जग बिल्लौरको, दोस्रो नीर, तेस्रो हरित रत्न, चौथो पन्ना, २० पाँचौं आनिक्स, छैटौं लालमणि, सातौं पीतमणि, आठौं बेरूज, नवौं पुष्पराज, दशौं लसुने, एघारौं नीलमणि र बाह्रौं, कटेलाको थियो। २१ ती बाह्र ढोकाचाहिँ बाह्र मोतीका थिए। प्रत्येक ढोका मोतीको थियो। त्यस सहरको सड्क चहकिलो शीशाजस्तै निखुर सुनको थियो।"**

नयाँ यरुशलेमलाई थुमाकी दुलही वा उहाँकी पत्नी भनेर सम्बोधन गरिएको छ। यूहन्ना १४:१-३मा ख्रीष्टले उहाँका जनहरूको निम्ति ठाउँ तयार पार्न जाँदै हुनुहुन्छ भनेर वचन दिनुभएको थियो। त्यो ठाउँ नयाँ यरुशलेम हो। अल्गा अल्गा पर्खालहरूले त्यो सहरलाई घेरिएको हुन्छ। ती पर्खालहरूमा बाऱ्ह ढोकाहरू हुनेछन्। सहरको पर्खालमा तिनवटा ढोकाहरू हुनेछन्। त्यसले गर्दा जो कोहिपनि कुनै पनि दिशाबाट त्यहाँ भित्रिन सक्दछ। यस सहरको विशेषताले जगतव्यापी क्षेत्र ओगटेको त्यस वर्णनले बताउँदछ। नयाँ यरुशलेममा परमेश्वरको उपस्थितिसामु कुनै पनि मानिस असिमितरूपमा पुग्न सक्दछन्। यो सहर सिद्ध वर्गाकारले बनिएको भनेर यसको बारेमा थप चित्रण गरिएको छ। यसको लम्बाई, चौडाइ र उँचाइ १२,००० फर्लङ्ग वा दुई हजार चारसय किलोमिटर हुन्छ। यो वर्गमा १२वटा किनाराहरू हुन्छ। सहरको पूरा नाप १४४,००० स्टाडिया हुन्छ (प्रत्येक स्टाडियामा १८५देखि १९२ मिटर हुन्छ। येशू ख्रीष्टको दोस्रो आगमनमा मृत्युलाई नचाखी परिवर्तनहुनेहरूको बिशेष समूह १४४,००० हुनेछ। त्यस स्टाडियाले ती १४४,०००लाई प्रतिविम्बित गर्दछ। पुरानो करारमा महापवित्र स्थान सिद्ध वर्गाकारको थियो ("यो भित्री पवित्रस्थान बीस हात लामो, बीस हात चौड़ा र बीस हात अल्गो थियो। तिनले त्यसलाई कञ्चन सुनले मोहोरे र देवदारुको वेदी पनि मोहोरे" १ राजाहरू ६:२०)। नयाँ यरुशलेम परमेश्वरको आराधनाको केन्द्रविन्दु भएर चल्दछ।

**सहरको भित्रि विशेष आकृतिहरू अदनको बगैंचा जस्तो हुन्छ भनेर प्रकाश २१:२१-२२:५ले बताउँछ। यस सहरमा कुनै पनि श्राप हुनेछैन (प्रकाश २२:३) भन्ने प्रतिज्ञाको अर्थ के हो? हेर्नुहोस्, "२१ ती बाह्र ढोकाचाहिँ बाह्र मोतीका थिए। प्रत्येक ढोका मोतीको थियो। त्यस सहरको सड्क चहकिलो शीशाजस्तै निखुर सुनको थियो। २२ मैले त्यस सहरमा कुनै मन्दिर देखिनँ, किनकि त्यहाँको मन्दिर स्वयंम परमेश्वर सर्वशक्तिमान् र थुमा नै**

हुनुहुन्छ। २३ त्यो सहर उज्यालो गराउन सूर्य र चन्द्रमाको खाँचो छैन, किनभने परमेश्वरको महिमा नै त्यसको उज्यालो हो। त्यहाँको बत्तीचाहिँ थुमा आफै हुनुहुन्छ। २४ त्यहाँकै उज्यालोमा जाति-जातिहरू हिँड्डुल गर्नेछन्। पृथ्वीका राजाहरूले आफ्ना वैभव त्यसमा ल्याउनेछन्। २५ दिनमा त्यसका ढोकाहरू कुनै किसिमले बन्द हुनेछैनन्, र त्यहाँ रात नै हुनेछैन। २६ तिनीहरूले जाति-जातिहरूका वैभव र सम्मान त्यसभित्र ल्याउनेछन्। २७ तर थुमाका जीवनको पुस्तकमा नाउँ लेखिएकाहरूबाहेक कुनै अशुद्ध कुरा, घृणित काम गर्ने र झूट बोल्ने कुनै किसिमले पनि त्यसभित्र पस्नेछैन।" प्रकाश २१:२१-२७ र "१ तब तिनले मलाई स्फटिकजस्तै चहकिलो जीवनका पानीको नदी देखाए। त्यो नदी परमेश्वरको र थुमाको सिंहासनबाट निस्की २ त्यस सहरका सड़कको बीचबाट बगिरहेको थियो। त्यस नदीका किनारमा जीवनको वृक्ष थियो, जसले हरेक महिना बाह्रै किसिमका फलहरू दिइरहन्थ्यो। त्यसका पातहरूचाहिँ जाति-जातिहरूलाई निको पार्नका निम्ति थिए। ३ अबदेखि उसो त्यहाँ कहिल्यै सराप हुनेछैन। परमेश्वर र थुमाको सिंहासन त्यहाँ हुनेछ, र उहाँका दासहरूले उहाँको आराधना गर्नेछन्। ४ तिनीहरूले उहाँको मुहार देख्नेछन्, र उहाँको नाउँ तिनीहरूका निधारमा हुनेछ। ५ त्यहाँ फेरि रात हुनेछैन, तिनीहरूलाई बत्ती वा घामको उज्यालो चाहिनेछैन, किनकि परमप्रभु परमेश्वर नै तिनीहरूको उज्यालो हुनुहुनेछ, र तिनीहरूले सदासर्वदै राज्य गर्नेछन्। ६ तिनले मलाई भने, "यी वचन भरपर्दा र सत्य छन्। अब चाँड़ै हुन आउने कुराहरू आफ्ना दासहरूलाई देखाउन परमप्रभु, अगमवक्ताहरूका आत्माका परमेश्वरले आफ्ना स्वर्गदूत पठाउनुभयो।" प्रकाश २२:१-६।

नयाँ यरुशलेमको उल्लेखनीय बिशेपता भनेकै परमेश्वरको सिंहासनबाट जीवनको पानी बगिरहनु हो (यस्तै खालको उर्बर पानी अदनको बगैंचामा थियो "बगैंचा भिजाउनलाई अदनबाट एउटा नदी निस्केको थियो, र त्यहाँबाट छुट्टिएर त्यो चार शाखा भएको थियो" उत्पत्ति २:१०)। एक समय यरुशलेममा जान चाहना गरिरहेका बन्दी बनाइएका परमेश्वरका जनहरू **बेबिलोनको** नदीको किनारामा शोक मनाइरहेका थिए (भजन १३७)। त्यस बेबिलोन नदीको बिपरीत नयाँ यरुशलेममा हुने जीवनको नदीको किनारामा सारा युगमा भौतारिरहेका परमेश्वरका जनहरूले आफ्नो घर गर्न पाउनेछन्।

सारा राष्ट्रहरूलाई सञ्चो पार्ने (प्रकाश २२:२) पातहरू भएको जीवनको रुख नदीको दुवै किनाराहरूमा हुन्छन्। यसको अर्थ बिरामीभएका मानिसहरूलाई निको पार्ने भनेको होइन किनभने नयाँ पृथ्वीमा रोगव्याधी

हुनेछैनन्। तर विश्वको इतिहासभरि मानिस मानिसहरूलाई अलग राख्ने तगारोहरूको सबै घाऊबाट निको पारिनेछ भनिएको हो। सबै युगका र सबै राष्ट्रका मुक्ति पाएका जनहरू अब परमेश्वरको एक परिवार भएर बस्नेछन्।

## उपसंहारः

एलेन जी ह्वाइटद्वारा लिखित *क्राइस्ट अबजेक्ट लेशनसको* पृ. ३०७-३१९मा उल्लेखित अध्याय "विथाउट गार्मेन्ट" र *द ग्रेट कन्त्रोभर्सी,* पृ. ६६२-६७८मा उल्लेखित अध्याय "द कन्त्रोभर्सी एन्डेड" थप जानकारीको निम्ति पढ्नुहोस्।

प्रकाशको पुस्तक जसरी चिनारी दिएर सुरू गरिएको थियो त्यसरी नै अन्त गरिएकोछः येशू ख्रीष्टको आगमन अत्यन्तै शक्ति, महिमा र तेजस्वीकासाथ हुने र परमेश्वरको अनन्तको राज्यको स्थापना र येशूको आगमनमा उहाँ उहाँको दुलहीसँग पुनर्मिलन हुने भन्ने सन्देश नै प्रकाशको पुस्तकको चरम बिन्दु हो।

यद्यपि, ती घट्नाहरू केवल आदर्शको कुरा, मनगढन्ते, अव्यवहारिक, आध्यात्मिक बिचारहरूमात्र हुन् भनेर प्रकाशको पुस्तकले बताउँदैन। येशूको सिघ्र आगमन पहिलो वास्तविक सन्देश हो। हामीहरूले उहाँको आगमनको निम्ति प्रतीक्षा गरिरहनु दोस्रो वास्तविक तथ्य हो। उहाँको आगमनको प्रतीक्षा गरिरहँदा प्रकाशको पुस्तकमा रहेका सन्देशहरूको स्पष्ट ज्ञान हुनु जरुरी छ भनेर हामीले ठान्नुपर्दछ। एक पटकमात्र होइन सबै थोक अन्त नहुञ्जेल प्रकाशको पुस्तक पढेकै पढै गरेर त्यसमा भएका विषयबस्तुहरू हामीले बुझ्नै पर्छ। जब हामी पर्खिरहन्छौं तब हामीहरूको ध्यान संसारमा केन्द्रित नगरेर हामीहरूको आँखा स्वर्ग र परमेश्वरमा केन्द्रित गरिरहनुपर्छ भनेर प्रकाशको पुस्तकले हामीलाई बारम्बार सम्झाउँदछ। हामी केवल परमेश्वरमा आशा राखेरमात्रै जिउँछौं। यस संसारमा अनिश्चित, अन्यौल र भौंतारिहेको जीवनमा आउने अनेकौं प्रश्नहरूको जवाफ प्रकाशको ख्रीष्टले दिनुहुन्छ। युगौं युगको मानिसहरूको चाहना र आशा येशूमै निहित छ। यस संसारको भविष्य र हामीहरूको भविष्य उहाँको हातमा सम्हालिरहनुभएको छ। यस संसारको अन्त्य हुनुभन्दा अघि येशूको आगमनको सन्देश सारा संसारमा सुनाउने जिम्मा हामीलाई दिइएको छ भनेर प्रकाशको पुस्तकले हामीलाई याद दिलाउँछ। उहाँको आगमनको पर्खाइ हामीले हात बाँधेर बस्ने होइन तर सक्रिय भएर त्यो सुसमाचार अरूलाई पनि सुनाउनु हामीहरूको कर्तव्य हो। दुवै आत्मा र

दुलहीले "आऊ!" भनेर बोलाउनुहुन्छ (प्रकाश २२:१७)। त्यस बोलावटमा हामी सम्मिलित हुनुपर्दछ। यो हामीहरूको लागि शुभसमाचार हो। तर त्यो समाचार केवल हामीहरूभित्रमात्रै गुम्साएर नराखी संसारका मानिसहरूलाई सुनाउनु जरुरी छ।

**चिन्तनमननः**

अ) **सहस्राब्दीको बारेमा र एक हजारवर्षपछिमात्र मरेका अधर्मीहरूको न्याय हुनेछ भन्ने तर्कलाई सोच्नुहोस्। मुक्ति पाएकाहरूमा भएका सबै प्रश्नहरूको जवाफ पाउन एक हजार वर्षको समय दिइनेछ। हामीहरूमा भएका प्रश्नहरूको जवाफपछिमात्रै दुष्टहरूको अन्तिम न्याय हुनेछ। यस बिचारले परमेश्वरको बारेमा हामीलाई के प्रकट गर्दछ?**

आ) **प्रकाश १:३मा भनिएको छः "त्यो धन्य हो, जसले अगमवाणीका यी वचनहरू उच्च स्वरले पाठ गर्दछ, र धन्य हुन् तिनीहरू, जसले सुन्दछन् र त्यहाँ लेखिएका कुरा पालन गर्दछन्, किनकि समय नजिक छ।" अब हामी प्रकाशको पुस्तकको अध्ययनलाई अन्त्य गर्दैछौं। अहिलेसम्म तपाईंले अध्ययन गर्नुभएकोमा के के कुराहरू मनमा राख्नुभएको छ र पालन गर्न कतिवद्ध हुने निचौडमा पुग्नुभएको छ?**

## कथा १३

## दुष्ट आत्मा हटाइन्छ

**मोर्डेकाइ सिमाङग्, ६८, ग्लोबल मिसन अग्रज जिम्बाबे**

एक दिन मोर्डेकाइकहाँ एक जना महिला अचम्मको कुरा लिएर आइन्। उनी ३५ वर्षकी आमा थिइन्। उनको श्रीमान् थिएनन्। "हरेक रात म सुत्ने लुगा लगाएर सुत्छु तर बिहान उठ्दा म नाङ्गै भएर उठ्छु। मलाई के भएको हो थाहा छैन। मलाई धेरै डर लागिरहेको छ' भन्दै तिनले आफ्नो पीडा पोखाइन्। "किन त्यसो भयो?" मोर्डेकाइले सोध्यो। उनले जिम्बाबेको न्काइ भन्ने सहरमा दुई हप्ता सुसमाचरीय कार्यक्रमको नेतृत्व गर्दै थियो। "मलाई थाहा छैन" त्यस महिलाले आफ्नो दुःख पोखाइन्। यस्तो अनौठो क्रियाकलापहरूदेखि मोर्डेकाइ सजग भएको थियो। यस्ता खालका कथाहरू उसले धेरै सुनेको थियो। ती सबै दुष्ट आत्माको क्रियाकलाप भएको उसलाई थियो। त्यसलाई कसरी सामाधान गर्ने सो उसलाई थाहा थियो। "के तपाईंले येशूलाई ग्रहण गर्नुभएको छ?" उसले सोध्यो, "यदि तपाईंले प्रार्थना गर्नुभयो भने तपाईं नाङ्गै किन उठ्नुपर्‍यो सो कुराको बारेमा उहाले तपाईंलाई बुझाइदिनुहुनेछ।" आफूले आफ्नो जीवनमा येशूलाई ग्रहण गरेको कुरा त्यस महिलाले भनिन्। उनले येशूलाई अघि नै विश्वास गरेको आधारमा मोर्डेकाइले चर्चका सबै विश्वासीहरूलाई जम्मा गर्‍यो र प्रार्थना गर्‍यो। तिनीहरूले तिन दिनसम्म त्यस महिलाको निम्ति प्रार्थना गरे। अनि तेस्रो दिनमा मोर्डेकाइ त्यस महिलाको घरमा गएर उनलाई कस्तो भइरहेको छ भनेर सोध्यो। "तिनदिनदेखि मलाई ठिकै भइरहेको छ। विहान मेरो लुगा फुकालिएको छैन" अचम्म मान्दै त्यस महिलाले जवाफ दिइन्। पछि त्यस महिलाले बप्तिस्मा लिइन् र त्यहाँदेखि दुष्ट आत्माहरूले फेरि कहिल्यै पनि छोपेनन्।

अफ्रिकाको जिम्बाबेमा दुष्ट आत्माले धेरै जसो मानिसहरूलाई सताउने काम बराम्बार भइरहन्छ। त्यो देशका धेरै मानिसहरू अन्धविश्वास गर्छन् र अनेकौं तन्त्रमन्त्र झाँक्री आदि परम्परामा ती मानिसहरू लाग्छन्। जुन क्षेत्रमा मोर्डेकाइले काम गरिरहेको थियो त्यो क्षेत्रमा केवल ऊमात्र ग्लोबल मिसनको पायोनिएर थियो र अरू कुनै एडभेन्टिस्टहरू थिएनन्। त्यहाँ उसले ती दुष्ट आत्माले सताइएका धेरै मानिसहरूलाई सम्हाल्नु परेको थियो।

अहिले जिम्बाबेको दक्षिणमा रहेको मतापु भन्ने जिल्लामा मोर्डेकाइ कार्यरत छ। त्यहाँ एक आइतबार एउटा आइतबार पालन गर्ने चर्चले उसलाई प्रवचन दिन निम्त्याएको थियो। त्यसबेला घुँडा दुखेको एउटी महिलाले प्रार्थना गरिदिन उससँग अनुरोध गरिन्। जब उसले प्रार्थनामा येशूको नाउँ लिनेबित्तिक्कै ती महिला भुईंमा ढलिन्। "त्यसको अर्थ दुष्टआत्माले उनलाई छोडयो। उनको निम्ति प्रार्थना गरेर मैले उनलाई उठाएँ। आज उनी सेभेन्थ-डे एडभेन्टिस्ट चर्चको सदस्य छिन्। किनभने आफ्नो अनुभवमा उनले येशूको शक्ति देखेकी थिइन्" खुशी भएर मोर्डेकाइले भन्यो।

तर मोर्डेकाइको सबै कथाहरूमा दुष्ट आत्माहरूको चलखेलमात्र हुन्छ भनेको छैन। जेजना भन्ने गाउँको बारेमा चर्चा गर्दा ऊ धेरै खुशी हुन्छ। सन् २००७मा उसलाई ग्लोबल मिसन पायोनियर बनाइएर त्यस गाउँमा पठाइएको थियो। ऊ घरघरमा गएर साबथ र येशूको बारेमा सिकाउँथ्यो। एक वर्षभित्र उसको प्रयासमा एउटा चर्चको १६ जना र पास्टरसमेतले एडभेन्टिस्ट चर्चमा बप्तिस्मा लिए। त्यस ठाउँमा तिनीहरूले पहिलो एडभेन्टिस्ट चर्च स्थापना गरेका थिए।

एक दिन साउथ अफ्रिकाको सिमानामा रहेको जिम्बाबेको बिइतब्रिज भन्ने सहरको प्राथमिक स्कूलमा सुसमाचार श्रृखलाबद्धरूपमा प्रचार गर्दै थियो। त्यसबेला उसले आठवटा दुष्ट आत्माहरूको सामना गर्नुपरेको थियो। जब भित्तामा उसले क्रुसमा टाँगिएको येशूको फोटो देखाउँदै थियो एउटा ४८ वर्षकी महिला जुरुक्क उठेर कोठाबाट कुलेलम ठोकिन। कार्यक्रमपछि मोर्डेकाइ स्कूलबाट बाहिर निस्कदा त ती महिला स्कूलको चौरमा लम्पसार परिरहेकी थिइन्। उनी अचेत थिइन् र मरेकी जस्ती थिइन्। धेरै मानिसहरूले उनलाई बोकेर स्कूलमा लगेर कोठामा राखे। मोर्डेकाइले चर्चका १० जना विश्वासीहरूलाई भेला गऱ्यो र ती महिलाको वरिपरि वसेर गीत गाउँदै प्रार्थना गर्न थाले। जब तिनीहरूले येशूको नाउँ लिए तब ती महिला अचानक उठेर बसिन्, अत्यन्तै डरलाग्दो गरेर काँपिन् र फेरि भुईंमा लम्पसार परिन्। त्यसको अर्थ दुष्ट आत्माले ऊ भागेको उसलाई देखाएको थियो। अब उनी स्वतन्त्र भयो की भनेर मोर्डेकाइले जान्न चाह्यो र सोध्यो "के तपाईंले येशूलाई प्रार्थना गर्नुहुन्छ?" तर ती महिला केही हलचल नगरी भुईंमै लडिरहिन्। त्यसको अर्थ उनी अझ पनि दुष्ट आत्माको पकडमा थिइन् भनेर देखाएको थियो। चर्चका विश्वासीहरू फेरि प्रार्थना गर्न थाले र गीत गाउन थाले। येशूको नाउँ

सुन्नेबितिक्कै ती महिला जुरूक्क उठेर बसिन्, काँपिन् र फेरि भुईंमै लडिन्। अर्को दुष्ट आत्माले उनलाई छोडेको थियो। "के तपाईंले येशूलाई प्रार्थना गर्नुहुन्छ?" मोर्डेकाइले सोध्यो तर ती महिलाले हलचल गरिनन्। यो दृश्य बारम्बार दोहोरिरहयो। त्यस प्रार्थनाको समूह बेलुका ९ बजेदेखि बिहान ९ बजेसम्म गीत गाइरहे र प्रार्थना गरिरहे। आखिरमा आठौं पल्टमा ती महिलाले मोर्डेकाइले अनुरोध गरेको प्रार्थना सुनिन्। उनले टक्क बसेर स्पष्ट स्वरुमा प्रार्थना गरिन्, "हे प्यारो येशू, मलाई दुष्ट आत्माहरूबाट छुट्कारा दिनुभएकोमा म तपाईंलाई धन्यवाद दिन्छु। मलाई सहयोग गर्नुहोस् र मलाई यस कोठामा रहेका अरू विश्वासीहरू जस्तै बनाउनुहोस्।" ती महिला सेभेन्थ-डे एडभेन्टिस्ट भएकी छिन् र अहिले चर्चको डिकनेस भएर चर्चको सेवा गर्छिन्। "मेरो जीवनमा परमेश्वरले सधैं राम्रो गरिरहनुभएको छ" हर्षित भएर मोर्डेकाइले व्यक्त गरिन।

**-लेखक आन्द्र्यु मेचेस्ने**

**<u>सन २०१९को प्रथम त्रैमासिकमा केन्द्रित केहि अफ्रिकी देशहरूका केही जानकारीहरूः</u>**

**१ आङ्गोलाः** यो देशमा सेभेन्थ-डे एडभेन्टिस्टका दुई निकायहरू छन्ः नर्थ-इस्टर्न आङ्गोला मिसन र साउथ-वेस्टर्न आङ्गोला मिसन। यस क्षेत्रमा ३,५३६वटा एडभेन्टिस्ट चर्चहरू र आराधना समूहहरू छन्। यस क्षेत्रमा ४४८,५५४ एडभेन्टिस्टहरू छन्। यस देशको जनसंख्या दुई करोड साठी लाख छ। यस क्षेत्रमा सेभेन्थ-डे एडभेन्टिस्टका तीन स्वास्थ निकायहरू छन्ः नर्थ इस्ट आङ्गोलामा एउटा दन्त क्लिनिक, बङ्गो मिसन अस्पताल र साउथ वेस्ट आङ्गोलामा क्विकुको औषधालय। आङ्गोलामा चर्चका विश्वासीहरूले एडभेन्टिस्ट बुक सेन्टर, बाइबल पत्राचार स्कूल र एक छापाखाना चलाउँदछन्। डिसेम्बर १, सन १९३१मा डाक्टर ऱ्वाय बी. पार्सन बङ्गो औषधालय र अस्पतालमा आएका थिए। उनले १८ महिनासम्म त्यहाँको स्थानीय भाषा पोर्टुगिज सिके र त्यस क्षेत्रमा चिकित्सकको काम गर्ने अनुमति पाए। उनी ३५ वर्ष भन्दा वढी आङ्गोलामा रहे। उहाँको उपचारको माध्यमबाट धेरै मानिसहरू प्रभावित भएर येशूलाई स्वइच्छाले ग्रहण गरे। उहाँले सन् १९६८मा अवकास पाउनुभयो र उहाँको स्थानमा उहाँको छोरो डा. डेभिड पार्सन अस्पतालको मेडिकल प्रमुख हुनुभएको थियो।

युरोपको पोर्टुगालबाट नभेम्बर ११,१९७५मा आङ्गोल स्वतन्त्र भयो। त्यसपछि सन् २००२सम्म ठूलो गृहयुद्ध भयो। त्यसबेला कमसेकम पचास लाख मानिसहरू मारिएका थिए।

**२ बोत्स्वानाः** सन् १९२१मा त्यस देशकी महारानी गेगोन्ङवीको नाउँमा शासन गर्ने १६वर्षको बाथोन दुईसँग डब्लु एच आन्डर्सनले अन्तर्वाता लिएका थिए। जसको फलस्वरुप यस देशको कानिया भन्ने गाउँमा अस्पताल खोल्न उनले अनुमति पाए। तर सुसमाचार प्रचार नगर्ने शर्तमा त्यो अनुमति दिइएको थियो। तर पछि डा. एएच क्रेटश्चमारको कामले इसाईहरूप्रतिको पूर्वाग्रहको अन्त्य भयो र सन् १९२२मा जेआर क्याम्पबेलले कान्य गाउँमा सुसमाचार प्रचार गर्ने अनुमति पाएर सन् १९२७मा एच बाकरले नियमित रूपमा मिसनको काम गर्ने अनुमति पाए। प्रख्यात डा. डेभिड लिभिङ्स्टोनले काम गरेको गाउँको ५० किलोमिटरवा ३० माइल परको गाउँ मायुनामा पनि काम गर्न उनले अनुमति पाएका थिए। सन १९६२मा बोत्स्वाना देशको सानो गाउँ रामोकगोनामेमा

पहिलो एडभेन्टिस्ट स्कूलको स्थापना भएको थियो। कान्यो एडभेन्टिस्ट अस्पतालमा १६८वटा शैयाहरू छन्। वर्षमा ४०,००० बिरामीहरू त्यहाँ भर्ना हुन्छन् र १०८,०००मानिसहरूले वर्षेनी सेवा पाउँछन्। यस देशमा २२८वटा चर्चहरू र आराधना समूहहरू छन्। एडभेन्टिस्ट विश्वासीहरू ४४,५५४जना छन्। यस देशको जनसंख्या २,२२६००० छ। सन् १९८४मा बोत्स्वाना युनियन कन्फरेन्स दुई समूहमा विभाजित भयोः नर्थ बोत्स्वाना कन्फरेन्स र साउथ बोत्स्वाना कन्फरेन्स।

बोत्स्वाना प्रायजसो सम्म परेको देश हो र यसले प्रख्यात कालहारी मरुभूमिको ८०प्रतिशत भाग ओगटिएको छ। यस देशमा संसारकै सबैभन्दा धेरै हात्तीहरू छन्। धेरै जसो हात्तीहरू चोबे नेशनल पार्कमा छन्। यहाँको माकगेडीगेडी क्षेत्रमा विश्वको सबभन्दा ठूलो नुनको खानी छ जसको क्षेत्रफल ७,५०० वर्गमाइल वा १२,००० वर्ग किलोमिटर छ। यहाँको हावापनी धेरै गर्मी छ र यहाँ कमै पानी पर्छ। जब पानी पर्छ तब नुनभएको क्षेत्र निलो ताल हुन्छ र धेरै जन्तुहरू र फ्लेमिङ्गो चराहरूलाईसमेत त्यस तालले आकर्षित गर्दछ। यस देशको औपचारिक भाषा अङ्ग्रेजी हो। तर त्यहाँको राष्ट्रिय भाषा सेट्स्वाना हो। त्यो देशको पैसालाई पुला भनिन्छ र थिब भन्ने पैसामा विभाजन गरिएको छ। यस देशको परिकारमा ठूलो किरा मोपाने हो। यो ठूलो झुसिल्किरा हो। यसले मोपानभन्ने रुखका पातहरू खान्छन्। त्यस किरालाई सुकाएर वा पकाएर खान सकिन्छ।

<u>**३.मोजाम्बिकः**</u> जब मलावी भन्ने देशको मालामुलो मिसन स्कूलका दुई विद्यार्थीहरू सन् १९३१मा मोजाम्बिक पसे तब एडभेन्टिस्ट सन्देश त्यस देशमा भित्रिएको थियो। तिनीहरूले त्यस देशका केही गाउँहरूमा सुसमाचार प्रचार गरे। पछि माक्स वेवस्टरलाई जाम्बेसी पठाएर सन १९३३मा एडभेन्टिस्ट मिसनको स्थापना गरियो। सन १९३५मा त्यस देशको बडा हाकिमको अनुमतिमा एडभेन्टिस्टनिकायको स्थापना भयो। स्थानीय भाषा अनुसार त्यस निकायलाई “ज्योति" भनेर नामाङ्करण गरिएको थियो। मोजाम्बिक युनियन मिसनले मोजाम्बिक एडभेन्टिस्ट सेमिनारी स्थापना गरेको छ। सन् १९६७मा औपचारिकरूपमा यस सेमिनारीलाई एडभेन्टिस्ट कलेज भनेर मान्यता दिइयो। सन १९७३मा मुङ्गा भन्ने ठाउँमा त्यो स्कूल सारियो। त्यस कलेजले मोजाम्बिकका मिसन कर्मचारीहरूलाई तालिम दिइन्छ। यस

देशको राजधानी मापुटोमा चर्चको एक छापाखाना छ। यस देशको सामुद्रिक किनारामा विश्वको बहुमूल्य कोरल खानी छ। १,२०० भन्दा वढी जातका माछाहरू त्यहाँ पाइन्छ। त्यस देशमा केवल २२वटामात्र कालोपत्र गरिएका हवाई मार्गहरू छन् तर त्यहाँ १४७वटा एयरपोर्टहरू छन्। त्यस देशमा आकेसिया भन्ने विशेष जातको रुख पाइन्छ। यस रूखको हाँगाहरू रूखको जरा जस्तो देखिन्छन्। यहाँको जनसंख्याको ५४प्रतिशत मानिसहरूमात्र साक्षर छन्। त्यसदेशको परिकार एक विशेष जातको क्यासाभा नाउँगरेको जरा हो। त्यसको अर्थ "सम्पूर्ण चाहिने तत्व हो" यसलाई बेक गरेर, घाममा सुकाएर वा पानीमा पगालेर पकाएर खान सकिन्छ। मारिम्बा भन्ने सङ्गीत बाजा काठको जाइलोफोन हो। यस देशमा विश्वका विभिन्न जातका जन्तु जनावरहरू पाइन्छ।

३ साओ टेमो र प्रिन्सिपेः यस देशमा एडभेन्टिस्ट काम त्यस बेला सुरू भयो जब सन् १९३६मा होसे फ्रिय भन्ने किताबहरू बेच्न आएका थिए। उनी सन १९३८मा यस देशमा मिसिनेरी भएर बसोबास गरे र फेब्रुअरी १९३९मा त्यस देशको स्थानीय निबासीले बप्टिस्मा लिएको थियो। सन् १९४६मा प्रथम एडभेन्टिस्ट प्राथमिक स्कूल खोलियो। यसमा २५० विद्यार्थीहरू छन्। सन् १९७५मा कम्युनिस्ट सरकारले यो स्कूललाई बन्द गरेको थियो। यो देशको एडभेन्टिस्ट काम साउथरन अफ्रिका-इन्डियन ओसन डिभिजनले हेर्दछ। यस देशमा १३वटा एडभेन्टिस्ट चर्चहरू र ५६वटा आराधना समूहरू छन्। यहाँ ७,८६७ एडभेन्टिस्टहरू छन्। यस देशको जनसंख्या १९८,००० छन्।

यो देश ज्वालामुखी भएको टापु हो। यो देश अफ्रिकाको सबभन्दा सानो देश हो। यस देशको जनसंख्या अफ्रिकाको सिशेल बाहेक सबभन्दा थोरै जनसंख्या भएको देश हो। केरा र माछा यस देशको मुख्य खानाको परिकार हो। स्थानीय सागहरू पनि त्यहाँ पाइन्छ। यस देशमा औलो ज्वरोको प्रकोप छ। इबिस भन्ने हरिणजस्तो जनावर र ठूलो सूर्य चरा भनिने चरा र बिगोनियास भन्ने पशुहरू त्यहाँ पाइन्छ।

<u>४.जाम्बिया</u>ः सन् १९०५मा विलियम हारिसन आन्दर्सनले रुसाङ्गो मिसन जाम्बियमा स्थापना गरेका थिए। त्यहाँ उनी  र उनकी श्रीमती मिलेर प्राथमिक स्कूल खोले र पछि गएर सन १९९०मा सेमिनारी भयो। अहिले त्यो सेमिनारी रुसान्गो विश्वविद्यालयको नाउँमा प्रचिलित छ। त्यस ठाउँमा प्रभुको

काम गर्न विलियम आन्दर्सन ९०० माइल वा १,४५० किलोमिटर हिँडेका थिए। उनी लेख्दछन् “मिसन स्थापना गर्न चारवटा कुराहरूको खाँचो मलाई परेको थियो। स्थानीयहरूसँगको घुलमिल, खेतबारीको निम्ति प्रसस्त पानी, रेलवे मार्ग र असल माटो जहाँ स्थानीयहरूको निम्ति औद्योधिक कारखाना खुलोस्।" विश्वको प्रख्यात भिक्टोरिया झर्नाको १८५ माइल वा ३०० किलोमिटर परमेश्वर रुसान्गो एडभेन्टिस्ट विश्वविद्यालय छ। यस देशको औपचारिक भाषा अङ्ग्रेजी हो। यस देशमा विश्वको सबभन्दा ठूलो झर्ना छ। यो देश प्रायजसो पहाडको टुप्पामा वा प्लाटोमा छ। यस देशमा तामा खानी छ। यस देशको राजधानी न्दोला हो जहाँ अन्तराष्ट्रिय एयरपोर्ट छ। सन् १९६४मा यो देशलाई स्वतन्त्र हुनुभन्दा अघि नर्थरन रोडेसिया भनिन्थ्यो। यस देशमा विश्वका चार ठूला नदीहरूमा जाम्बेसी नदी छ जसको नाउँले जाम्बिया भन्ने नाउँ यो देशको नाम भएको थियो। यो देश भुपरिवेस्टित देश हो। यस देशमा कारिबा ताल छ जुन् सन् १९७१मा मानिसहरूले निर्माण गरेका थिए।
५ जिम्बावेः यस देशमा रहेको सोलुसी एडभेन्टिस्ट विश्वविद्यालय सन् १८९४मा स्थापना भएको थियो। यस देशको सरदार सोलुस्वेको नाउँमा कलेज स्थापना गरिएको थियो। सुरूमा यो चर्चको कर्मचारीहरूलाई तालिम दिन कलेज भनेर खोलिएको थियो। पछि यो विश्वविद्यालयमा परिणत भयो। यस विश्वविद्यालयलाई जग्गा उपलव्ध गराउने एक बेलायती सिसिल रोड नाउँ गरेका व्यापारी थिए। पछि सन् १८९०मा उनी प्रधानमन्त्री भए। यस विश्वविद्यालयमा १४७१ विद्यार्थीहरू अध्ययन गर्दछन्। यस विश्वविद्यालयमा स्थानीय तथा अफ्रिकाका विभिन्न देशहरूबाट अध्ययन गर्न आउँछन्।

यस देशको सरदर आयु पुरुषको ३७ वर्ष र स्त्रीको ३४वर्षमात्र छ। पौराणिक समयमा राजा सोलोमनले सुन, अफिर र अरू बहुमूल्य पत्थरहरू जिम्बाबेबाट नै ल्याएका थिए भनेर विश्वास गरिन्छ। मकै, जौ र जुनेलो यस देशको मुख्य खाना हो। दूध, बदाम, धमिरो र झुसिल्किराहरू पनि तिनीहरूको खाना हो। परम्परा अनुसार यस देशका मानिसहरूले जनावरको छालाको लुगा लगाउँछन्। प्रशिद्ध अन्वेषक देविद लिभिङ्स्टोले त्यस देशको प्रशिद्ध झर्ना भिक्टोरिया फल भनेर बेलायतकी महारानी भिक्टोरियाको नाउँ दिएका थिए। त्यहाँको जनसंख्यामा ९०प्रतिशत साक्षर छन्। फुटबल, क्रिकेट र रग्बी बल खेल त्यस देशका लोकप्रिय खेलहरू हुन्। जिम्बाबेमा ठूलो भुँडी हुनु प्रतिष्ठित व्यक्ति मानिन्छ। किनभने त्यसले त्यो व्यक्ति दिनदिनै मासु खाने पैसा छ भनेर देखाउँछ।